# नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड ऐन- २०८१

## प्रस्तावनाः

नगरपालिका क्षेत्रभित्र खानेपानी, सरसफाई तथा स्वच्छता सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने, उचित र प्रभावकारी व्यवस्थापन गर्ने सम्बन्धमा खानेपानी सरसफाइ तथा स्वच्छता बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम नीलकण्ठ नगरपलिकाले "नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड ऐन, २०८१" पारित गरी लागु गरेको छ ।

परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड ऐन, २०८१ (**Neelakantha Municipality Water, Sanitation and Hygiene Management Board Act, 2081**)" रहेको छ ।

यसको संक्षिप्त रुप "खासस्व" अङ्ग्रेजीमा "**WASH**" हुनेछ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड ऐन, २०८१" सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले दफा २ बमोजिम नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ग) "संयोजक" भन्नाले दफा २ बमोजिम गठन भएको नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता बोर्डको संयोजक सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको व्यक्तिसमेतलाई जनाउँछ ।

(च) "सदस्य" भन्नाले बोर्ड वा कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले संयोजक तथा अध्यक्षलाईसमेत जनाउँछ ।

(छ) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्छ।

(ज) "संस्थान" भन्नाले नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम स्थापित नेपाल खानेपानी संस्थान सम्झनु पर्छ ।

(झ) "भौगोलिक क्षेत्र" भन्नाले बोर्डले खानेपानी, सरसफाइ तथा स्वच्छता सञ्चालन तथा व्यवस्थापन गर्न गराउन दफा ५ बमोजिम तोकेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(ट) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानी संकलन, प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(ठ) "सरसफाइ सेवा" भन्नाले मानव मलमूत्र वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको ठोस, तरल एवम् ग्यासजन्य फोहर तथा त्यस्तो सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धीकरण गर्ने काम सम्झनु पर्छ ।

(ड) "सेवा" भन्नाले खानेपानी वा सरसफाइ सेवा सम्झनु पर्छ ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ढ) **“अनुमतिपत्र”** भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवाप्रदायकलाई दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(ण) **“सेवा प्रणाली”** भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धीकरण गर्ने प्लान्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(त) **“ सेवाप्रदायक”** भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

(थ) **“महसुल”** भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(द) **“कार्यकारी निर्देशक”** भन्नाले दफा १६ बमोजिम नियुक्त बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ध) **“उपभोक्ता समिति / उपभोक्ता संस्था”** भन्नाले स्थानीय स्तरमा निश्चित खानेपानी आयोजनालाई व्यवस्थापन तथा सञ्चालनका लागि गठित खानेपानी उपभोक्ता समिति तथा नगरपालिकाको जलश्रोत ऐन बमोजिम गठन भएको जल उपभोक्ता संस्थालाई सम्झनु पर्दछ ।

(न) **“तोकिए” वा “तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद -२

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

२. बोर्ड गठन गर्ने: (१) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै सरकारी निकाय वा संस्थान वा उपभोक्ता वा संस्थाले सञ्चालन गरिरहेको नगरपालिका भित्रको वा नगरपालिका सहित अन्य एक वा एक भन्दा बढी नगरपालिका वा गाउँपालिका क्षेत्रको सेवा प्रणाली एवम् सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सम्बन्धित स्थानीय सरकारसँग परामर्श गरी नगरपालिकाले एक खानेपानी व्यवस्थापन बोर्ड गठन गर्नेछ । यसरी गठन भएको सूचना राजपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डमा देहायका पदाधिकारी तथा सदस्यहरू रहनेछन्-

(क) नगर प्रमुख -संयोजक

(ख) बोर्डको भौगोलिक क्षेत्रभित्र प्रत्यक्ष लाभग्राही वा उपभोक्ता रहेका अन्य नगरपालिका/गाउँपालिकाका प्रमुख/अध्यक्ष -सदस्य

(ग) नगर उपप्रमुख -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) बोर्डको भौगोलिक क्षेत्र भित्रको वडा अध्यक्षहरू -सदस्य

(च) संयोजक, सामाजिक विकास समिति -सदस्य

(छ) संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति -सदस्य

(ज) संयोजक, पूर्वाधार विकास समिति -सदस्य

(झ) खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा योगदान दिएका विज्ञहरू मध्येबाट बोर्डले मनोनित गरेको एक जना -सदस्य

(ञ) स्थानीय स्तरमा कार्यलय रहेको संघ तथा प्रदेशको खानेपानी, सरसफाइ सँग सम्बन्धित कार्यालयका प्रतिनिधि -सदस्य

(ट) प्रमुख, सामाजिक विकास शाखा -सदस्य

(ठ) प्रमुख, जनस्वास्थ्य शाखा -सदस्य



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ड) प्रमुख, खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा -सदस्य

(ढ) प्रमुख, प्राविधिक शाखा -सदस्य

(ण) बोर्डको भौगोलिक क्षेत्रभित्रको बासिन्दाहरू मध्ये दुई जना महिला सहित तीन जना -सदस्य

(त) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको सेवा प्रणाली तथा सेवा अन्य नगर/गाउँपालिकाको केही वा पूरै भाग समेत सञ्चालन भइरहेको रहेछ भने नगर/गाउँपालिकाको त्यस्तो भाग समेतलाई उपदफा (१) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम बोर्ड गठन गर्दा बोर्डको आफ्नो भौगोलिक क्षेत्र भित्र सरकारी निकाय, नगरपालिका, संस्थान वा उपभोक्ता समिति वा संस्थाबाट सञ्चालन भएको सेवा प्रणाली वा सेवा यस ऐन बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी देहायका विवरणहरू समेत खुलाई दिनुपर्नेछः-

(क) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) नगरपालिकासँग जोडिएको कुनै गाउँपालिकामा समेत सेवा विस्तार भएको भए सोको विवरण,

(ग) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सोसँग सम्बन्धित पानीको स्रोतको स्थिति,

(घ) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन तयार गरिएको कार्य योजना,

(छ) सरकारी निकायले सञ्चालन गरिरहेको कुनै सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्दा त्यस्तो सेवा प्रणालीसँग आबद्ध



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

सम्पत्ति तथा दायित्व र सोको हस्तान्तरण गर्ने तरिका तथा तत्सम्बन्धी अन्य व्यवस्था, र

(ज) तोकिएबमोजिमका अन्य कुराहरू ।

४ **<u>बोर्ड स्वशासित संस्था हुने:</u>** (१) बोर्ड अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य कुनै तरिकाले व्यवस्थापन गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्डउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **<u>बोर्डको भौगोलिक क्षेत्र:</u>** (१) दफा (३) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र त्यस्तो बोर्ड गठन गर्दाका बखत नगरपालिकाले प्रकाशन गरेको सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नु परेमा सोको पर्याप्त कारण सहित बोर्डले नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गरी मनासिब कारण देखेमा नगरपालिकाले सूचना प्रकाशन गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ ।

६. **<u>बोर्डको काम, कर्तव्य र अधिकार:</u>** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनस्थापना गर्ने गराउने,



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ख) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग सम्बन्धी नीति, नियम बनाई नगरपालिकाबाट स्वीकृत गरी लागू गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिन आवश्यक नीति बनाई कार्यन्वयन गर्ने गराउने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाइ र स्वच्छता सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्थापन गर्ने गराउने,

(छ) सेवा विस्तार तथा विकासको लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानुन बमोजिम सेवाको महसुल दर निर्धारण गर्ने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने र सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गर्ने गराउने,

(ट) उपभोक्तालाई सेवा प्रदान गरे बापत सेवाशुल्क/महसुल असुल गर्ने गराउने,

(ठ) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई समस्या पर्न गएमा वा गुनासो भएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) खानेपानी वितरण तथा सरसफाइ प्रणालीमा अवरोध वा क्षति पुऱ्याउने पक्षलाई दण्ड सजाय गर्ने गराउने,

(ढ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय खासस्वा उपभोक्ता समिति गठन गरी कार्य गर्ने गराउने,

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ण) विद्यमान खानेपानी उपभोक्ता समिति/संस्था तथा टोलविकास संस्थाहरुलाई बोर्ड मोडलमार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन गर्नका लागि अभिप्रेरित गर्नुका साथै अन्य आवश्यक काम गर्ने गराउने,

(त) अन्य संघ संस्था तथा निकायहरूसँग सह लगानीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्य गर्ने नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(थ) बोर्डको भौगोलिक क्षेत्र भित्रका खानेपानी मुहान तथा खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गर्नु पूर्व बोर्डबाट अध्ययन अवलोकन गरी नगरपालिका / गाँउपालिकामा प्रतिवेदन पेश गर्ने,

(द) सेवा सञ्चालनका लागि नियमित अनुगमन एवम् आवश्यकता अनुसार तोकिए बमोजिमका अन्य काम गर्ने, र

(ध) फोहरमैला बर्गीकरण, सङ्कलन, प्रशोधन तथा व्यवस्थापन लगायत नगरपालिकाले तोकेबमोजिम काम गर्ने ।

(२) बोर्डले उल्लिखित कार्यहरू मध्ये सेवा प्रवाहमा प्रभावकारिता अभिबृद्धि गर्न कुनै कार्यहरू सम्बन्धित वडा स्तरबाटै सम्पादन हुन उपयुक्त ठानेमा सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसार सदस्यहरू रहने गरी कार्यक्षेत्रसमेत तोकी काम गराउन सक्नेछ ।यस्तो समिति वडास्तरमा छाता संस्थाको रुपमा रहनेछ ।तर यसरी कार्य गराउदा बुँदा नं (ज) र (ञ) को कार्य जिम्मेवारी प्रदान गर्न सकिने छैन ।

७. <u>बोर्डले सेवा सञ्चालन गर्ने गराउने:</u> (१) बोर्डले सञ्चालन गर्नुपर्ने सेवा आफैं वा आवश्यकता अनुसार सेवाप्रदायकलाई अनुमतिपत्र प्रदान गरी वा निजसँग सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा वा निजसँग सम्झौता गर्दा बोर्डले आवश्यक शर्त तोक्न सक्नेछ ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(३) सेवा प्रदायकले पालना गर्नुपर्ने शर्तहरू अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) अनुमतिको ढाँचा तथा सम्झौतामा उल्लेख हुनुपर्ने कुरा बोर्डले तोकिए बमोजिम हुनेछ ।

८. <u>पानी उपभोग तथा वितरणसम्बन्धी अधिकार सर्ने:</u> (१) कुनै सरकारी निकाय वा संस्थान वा स्थानीय खानेपानी उपभोक्ता समिति/ संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भए पश्चात् स्थानीय खानेपानी उपभोक्ता समिति/संस्थाले उपयोग गरेको पानीको सम्पूर्ण स्रोतमा बोर्डको अधिकार हुनेछ ।तर बोर्डले अर्को व्यवस्थापन नभएसम्म तत्काल खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि सोही समिति/संस्थालाई परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय खानेपानी उपभोक्ता समिति/संस्थाबाट हस्तान्तरण भएको सेवा प्रणालीको उपयोग, सञ्चालन तथा मर्मत सम्भार वा पुनःस्थापना गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुनर्निर्माण वा पुःस्थापना गर्ने सम्बन्धमा बोर्डलाई स्थानीय खानेपानी उपभोक्ता समिति/संस्थालाई भएसरहको अधिकार हुनेछ ।

९. <u>बोर्डको विशेष अधिकारः-</u>

**(क) ऋण तथा सहयोग लिन सक्नेः** बोर्डले आवश्यकता अनुसार नेपाल भित्रको बैंक वा वित्तिय संस्था वा विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ ।तर विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अगाडि नगरपालिकामार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ख) लगानी गर्न सक्नेः

(क) बोर्डको दफा (२२) बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।

(ख) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिएबमोजिम हुनेछ ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ग) निजी वा सार्वजनिक जग्गा प्रयोग गर्न सक्नेः बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घरजग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्नेछैन ।

(घ) निजी वा सार्वजनिक जग्गामा पाइप बिच्छ्याउन सक्नेः

(१) बोर्डले उपभोक्तालाई खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक जग्गामा तोकिए बमोजिम गहिराइको मापदण्ड अनुसारको पाइप बिच्छ्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिच्छ्याउँदा कुनै व्यक्तिको निजी घरजग्गामा कुनै किसिमको हानिनोक्सानी नहुने गरी संरचना निर्माण गर्नु पर्नेछ ।

(ङ) अतिरिक्त दस्तुर लगाउनेः उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने सेवा शुल्क/महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिएबमोजिमको अतिरिक्त दस्तुर असुल उपर गर्न सक्नेछ ।

(च) सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः

(१) यस ऐन वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा निलम्बन वा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजको सेवा पुनः निरन्तर गरिनेछ ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद — ३

## कार्यकारी समितिको गठन सम्बन्धी व्यवस्था

१०. कार्यकारी समितिको गठन: (१) दफा (३) बमोजिम गठन भएको बोर्डको तर्फबाट सम्पादन गर्नुपर्ने सम्पूर्ण काम कारवाही सुचारु रुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्-

(क)नगर कार्यपलिकाले तोकेको सम्बन्धित विषय विज्ञ -अध्यक्ष

(ख) वडा अध्यक्षहरू मध्ये नगर कार्यपालिकाकाबाट मनोनित दुई जना -सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति -सदस्य

(घ) प्रमुख, खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा -सदस्य

(ङ) नगरपालिका क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा योगदान दिएका व्यक्ति/विज्ञ मध्येबाट बोर्डले मनोनित गरेको एक जना -सदस्य

(च) नगरपालिका क्षेत्रभित्रका खानेपानी उपभोक्ता समिति/संस्थाका प्रतिनिधिहरू मध्ये नगरपालिकाले मनोनित गरेको कम्तीमा एक जना महिलासहित तीन जना - सदस्य

(छ) टोलविकास संस्था महासंघको अध्यक्ष/प्रतिनिधि - सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य सचिव

(३) समितिका सदस्यहरूले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिएबमोजिम सपथ लिनु पर्नेछ ।

(४) पदेन सदस्यहरू बाहेकका अन्य सदस्यहरुको पदावधि तीन बर्ष हुनेछ ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(५) समितिले आफ्नो बैठकमा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित बिषय विज्ञलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

११. <u>सदस्यको पद रिक्तहुने अवस्था:</u> देहायको अवस्थामा बोर्ड कार्यकारी समितिका सदस्यको पद रिक्त भएको मानिनेछ:-

(क) मनोनयन गर्ने निकाय समक्ष निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(घ) बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) कुनै सदस्यले बोर्डको उद्वेश्य प्रतिकूल वा हित बिपरित हुने कार्य गरेको ठहर भएमा बेर्डले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर, हटाउनु अघि एक पटक सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(च) मृत्यु भएमा ।

१२. <u>रिक्त स्थानको पूर्ति:</u> समितिको मनोनीत सदस्यको पद कुनै कारणबस रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिका र क्षेत्रबाट मनोनयन भएको हो सोही तरिका र क्षेत्रबाट मनोनयन गरी रिक्त पद पूर्ति गरिनेछ ।

१३. <u>समितिको बैठक र निर्णय:</u>

(क) समितिको बैठक वर्षको कम्तीमा छ पटक बस्नेछ तर दुई बैठक बीचको फरक तीन महिना भन्दा बढी हुने छैन ।

(ख) समितिको बैठक समितिको कार्यालयमा अध्यक्षले तोकेको मिति र समय बस्नेछ ।

(ग) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित



नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त गरेको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(घ) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा निजले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक मानिनेछ ।

(छ) बैठकको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

(ज) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(झ) समितिले गरेको निर्णय कार्यकारी निर्देशकले नगरपालिकामा समेत उपलब्ध गराउनुपर्नेछ ।

१४. <u>सदस्यको भत्ता तथा सुविधाः</u> (१) सदस्यहरूले बैठकमा सहभागी भएबापत बैठक भत्ता पाउनेछन् । यसरी पाउने बैठक भत्ता नगरपालिकाको खर्च मापदण्डमा नबढ्ने गरी बोर्डले निर्णय गरेबमोजिम हुनेछ ।

(२) समितिका सदस्यहरूले बोर्डको काम गरेबापत पाउने अन्य सुबिधा बोर्डले निर्णय गरे बमोजिम हुनेछ ।

(३) आमन्त्रित सदस्यको बैठक भत्ता बोर्डको अन्य सदस्यहरूको सरह हुनेछ ।

१५. <u>सर्व साधरणको हित हेर्नुपर्नेः</u> समितिले बोर्डको तर्फबाट काम गर्दा सर्वसाधारणको बृहत्तर हित र सुबिधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागत खर्च समेतलाई बिचार गर्नु पर्नेछ ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद — ४

## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१६. कार्यकारी निर्देशक नियुक्तिः

(क) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न कार्यकारी निर्देशकको रुपमा कम्तीमा अधिकृत छैठौं तह वा सो सरहको योग्यता पुगेको कर्मचारी रहनेछ र कार्यकारी निर्देशक पदको लागि नगरपालिकाको कर्मचारी छनौट समितिले सिफारिश गरेको व्यक्तिलाई नगरपालिकाले नियुक्त गर्नेछ ।यसरी नियुक्ति नहुँदा सम्म नगरपालिकाले तोकिएको योग्यता पुगेको कुनै कर्मचारीलाई खटाउन सक्नेछ ।

(ख) कार्यकारी निर्देशकको पदावधि तीन बर्षको हुनेछ । निजको पूनर्नियुक्ति हुन सक्नेछ ।

(ग) उपदफा (ख) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरित कार्य गरेमा, नैतिकपतन हुने कार्य गरेमा, बोर्डको निर्देशन अनुरूप कार्य नगरेमा निजलाई जुन सुकै बेला बोर्डको सिफारिशमा नगरपालिकाले हटाउन सक्नेछ ।

(घ) उपदफा (ग) बमोजिम पदबाट हटाउन अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(ङ) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त नगरपालिकाबाट तोकिएबमोजिम हुनेछ ।

१७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) पदपूर्ति समितिको सिफारिसमा समितिको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि समितिसमक्ष सिफारिस गर्ने ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ग) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, बिर्डको कार्यक्रम र बजेट तयार गर्ने गराउने तथा समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) बोर्डले सञ्चालन गरेको कार्यक्रमहरूको नियमित अनुगमन गर्ने ।

(ङ) समितिको अध्यक्षको निर्देशनमा बैठक आव्हान गर्ने, बैठकको एजेण्डा तय गर्ने ।

(च) समितिबाट स्वीकृत हुनुपर्ने प्रस्तावहरू समिति समक्ष पेश गर्ने ।

(छ) बोर्डको कर्मचारीहरूको कामको अनुगमन, कार्य सम्पादन मूल्याङ्कन गरी अर्धवार्षिक रुपमा बोर्ड समक्ष पेश गर्ने ।

(ज) बोर्डको वार्षिक अनुमानित आम्दानी-खर्च सहित बोर्डले गर्ने वार्षिक कार्ययोजना तर्जुमा गरी समितिको सिफारिस सहित स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने ।

(झ) तोकिएबमोजिम अन्य काम गर्ने ।

१८. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u> बोर्डको लागि आवश्यक पर्ने प्राविधिक, प्रशासनिक, लेखा तथा अन्य कर्मचारीको दरबन्दी समितिको सिफारिशमा बोर्डको निर्णयानुसार हुनेछ। कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा अन्य सेवा, सुविधा तथा शर्तहरू तोकिएबमोजिम हुनेछ ।

१९. <u>पदपूर्ति समितिको गठन:</u> (क) कार्यकारी निर्देशकको नियुक्ति बाहेक अन्य कर्मचारीको नियुक्तिको सिफारिस गर्न एक समिति रहनेछ ।

(ख) पदपूर्ति समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२०. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार:</u> पदपूर्ति/छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) रिक्त रहेका पदहरू पूर्ति गर्न स्वीकृत कार्यविधिको परिधिभित्र रही छनौट प्रकृया र प्रतियोगिताको किसिम निर्धारण गर्ने ।



नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ख) खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने पदहरूको लागि विज्ञापन गर्ने, परीक्षा लिने र अन्तर्वार्ता गरी छनौट गरिएका उम्मेदवारहरुलाई नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्ने ,

(घ) पदपूर्ति समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि तथा सेवा सुविधा बोर्डले तोकिएबमोजिम हुनेछ ।

परिच्छेद -५

## कसुर तथा सजाय

२१. कसुर तथा सजायः (१) कसैले यो ऐन तथा नियम प्रतिकुल कुनै काम गरी देहायको कसुर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछः-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारको क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई बिगो बमोजिम जरिबाना,

(ख) खानेपानी प्रदुषित गराई जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसुरको मात्रा हेरी पचास हजार रूपैयाँ र सो कार्यबाट बिरामी परी औषधि उपचार गर्नु परेको खण्डमा औषधि उपचार खर्च असुल उपर गरी जरिबाना ,

(ग) सेवाको अनधिकृत प्रयोग वा दुरुपयोग गरेमा सेवा बन्द गरी पन्ध्र हजार रुपैयाँसम्म जरिबाना ,

(घ) खानेपानी आयोजनासँग सम्बन्धी उपकरण तथा सफ्टवयर बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई सोही बिगो बराबर जरिबाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कार्यबाट पुग्न गएको क्षतिको बिगो भराई बिगोबमोजिम जरिबाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्ने ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(२) सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा (१) बमोजिमको कसुरका सम्बन्धमा सजाय गर्न वा क्षतिपूर्ति भराई माग्न सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायकले बोर्डसमक्ष दिएको निवेदनउपर छानबिन गरी कुनै व्यक्तिले कसुर गरेको ठहरेमा बोर्डले उपदफा (१) बमोजिम उपयुक्त सजाँय गर्ने आदेश दिन सक्नेछ ।

(४) कसुरको छानबिन गरी सजाय गर्न बोर्डले एक छानबिन समिति गठन गर्न सक्नेछ ।

(५) यस बोर्डले गरेको सजाय उपर नगर न्यायिक समितिमा पुनरावेदन लाग्नेछ ।

(६) अन्य कसुर र सजाय नगरपालिकाद्वारा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद -६

## बोर्डको कोष तथा लेखापरीक्षण

२२. <u>बोर्डको कोष:</u> (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोगबापत प्राप्त रकम,

(ग) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिएबापत प्राप्त रकम,

(घ) सेवा प्रदायकबाट अनुमतिपत्र दस्तुरबापत प्राप्त रकम,

(ङ) उपभोक्ताले शुल्क/महसुलबापत बुझाएको रकम,

(च) नगरपालिकाबाट कुनै थप कार्यक्षेत्र तोकी आम्दानीको स्रोत तोकिएको भए उक्त स्रोतबाट प्राप्त रकम,



नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(४) बोर्ड सञ्चालनको लागि उपदफा २ (क) मा प्रदान गरेको रकम भन्दा बढी थप रकम प्रदान गर्न नगरपालिका बाध्य हुने छैन ।

(५) बोर्डको कोषमा रहने रकम बोर्डले तोकेको नेपाल भित्रको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाता सञ्चालन बोर्डबाट तोकिएबमोजिम हुनेछ । बोर्डबाट नतोकिएसम्म नगरपालिकाको विद्यमान प्रणाली बमोजिम नै हुनेछ ।

२३. <u>आकस्मिक कोषको व्यवस्थाः</u> दफा (२२) को अतिरिक्त विभिन्न प्राकृतिक विपत्तिका कारण खानेपानी संरचनाहरूमा हुनसक्ने क्षति तत्काल समाधान गरी खानेपानी आपूर्ति, सरसफाइ तथा स्वच्छता नियमित गर्न एक आकस्मिक कोष रहनेछ । यस कोषमा बोर्डले तोकेबमोजिमको रकम रहनेछ ।आकस्मिक कोषको खर्च कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

२४. <u>लेखा तथा लेखा परिक्षणः</u>

(१) बोर्डको आयव्ययको लेखा प्रचलित कनुनबमोजिम हुनेछ ।

(२) बोर्डको आयव्यय लेखा आन्तरिक लेखापरीक्षण नगरपालिकाबाट र अन्तिम परीक्षण नगरपालिकाले नियुक्ति गरेको इजाजतप्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(३) बोर्डले अन्तिम लेखापरीक्षण प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाले चाहेको जुनसुकै बखत बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच गर्न वा जँचाउनसक्नेछ ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

परिच्छेद -७

## विविध

२५. निर्देशन दिन सक्नेः खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तर कायम राखी सेवालाई चुस्त दुरुस्त बनाई राख्न बोर्डलाई नगरपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२६. उप-समिति गठन गर्न सक्नेः (१) बोर्ड आफूले गर्नुपर्ने काम कारवाही सुचारुपले सञ्चालन गर्नको लागि विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक, तथा उपभोक्ताको समेत संलग्नता रहने गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यले पाउने सुविधा बोर्डले तोकिएबमोजिम हुनेछ ।

२७. बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरूसमेत समावेश गरी नगपालिका समक्ष बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) बोर्डको आम्दानी र खर्च,

(ख) बोर्डले बर्षभरी सम्पादन गरेको कामको प्रगति प्रतिवेदन र सोको प्रशासनिक खर्च,

(ग) आगामी बर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा त्यसको स्रोत,

(घ) तोकिएबमोजिमको अन्य विवरण ।

२८. नियम/कानून बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम-कानून बनाउन सक्नेछ र त्यस्तो नियम-कानून नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

**२९. निर्देशिका बनाई लागू गर्न सक्नेः** बोर्डले यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**३०. विशेष व्यवस्थाः** यस ऐन बमोजिम बोर्ड गठन भई पूर्णरुपमा कार्यान्वयनमा नआएसम्मका लागि बोर्डले गर्ने भनिएको कार्यहरू नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाबाट सम्पादन गरिनेछ ।

**३१. अन्य ऐन खारेज हुनेः** यस ऐनमा उल्लेख भएसम्म ऐन बमोजिम हुनेछ र नीलकण्ठ नगरपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म ऐन, दफा तथा उपदफा यस ऐनले खारेज गरेको मानिनेछ ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

अनुसूची

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

## शपथ

म ................................... ईश्वरलाई साक्षी राखी/सत्य, निष्ठापूर्वक शपथ लिन्छु कि समितिको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई पनि कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।

मितिः-

दस्तखतः-

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल